सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक २७२ ♦ २०८३ साल असार २ मंगलवार ♦ 16 Jun 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# मधेश सरकारले ल्यायो ४१ अर्ब १३ करोडको बजेट, गत वर्षको तुलनामा करिब १३ प्रतिशतले कम

अजयकुमार साह

**असार १ गते, बर्दिवास**



मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि ४१ अर्ब १३ करोड ८६ लाख रुपैयाँको बजेट सार्वजनिक गरेको छ ।

प्रदेश सभामा सोमबार अर्थमन्त्री युवराज भट्टराईले राजस्व तथा व्ययको अनुमान प्रस्तुत गर्दै उक्त आकारको बजेट घोषणा गर्नुभएको हो ।

चालु आर्थिक वर्ष २०८२/०८३ मा प्रदेश सरकारले ४६ अर्ब ५८ करोड रुपैयाँको बजेट ल्याएको थियो । आगामी आवका लागि ल्याइएको बजेट गत वर्षको तुलनामा करिब १३ प्रतिशतले कम रहेको छ । स्रोतको सीमितता र खर्च व्यवस्थापनलाई ध्यानमा राख्दै बजेटको आकार घटाइएको सरकारको भनाइ छ ।

बजेटमध्ये चालु खर्चतर्फ १४ अर्ब ६६ करोड रुपैयाँ अर्थात् ३५.६४ प्रतिशत विनियोजन गरिएको छ भने पुँजीगत खर्चतर्फ २६ अर्ब ४७ करोड रुपैयाँ अर्थात् ६४.३६ प्रतिशत रकम छुट्याइएको छ । प्रदेश सरकारले विकास निर्माण तथा पूर्वाधार क्षेत्रमा लगानी बढाउने लक्ष्यसहित पुँजीगत खर्चलाई प्राथमिकतामा राखेको जनाएको छ ।

अर्थमन्त्री भट्टराईका अनुसार बजेट कार्यान्वयनका लागि आवश्यक स्रोत व्यवस्थापनमा आन्तरिक राजस्वबाट ११ अर्ब २२ करोड ७५ लाख रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ ।

यस्तै, राजस्व बाँडफाँटबाट १२ अर्ब ८३ करोड रुपैयाँ, वित्तीय समानीकरण अनुदानबाट ९ अर्ब ४९ करोड ५९ लाख रुपैयाँ र गत आर्थिक वर्षको नगद मौज्दातबाट ६ अर्ब ८ करोड ५२ लाख रुपैयाँ परिचालन गरिनेछ ।

सरकारले आगामी आर्थिक वर्षको बजेटमार्फत उत्पादन वृद्धि, सामाजिक विकास र नागरिक सेवाको विस्तारलाई प्राथमिकतामा राखेको छ। प्रस्तुत बजेटमा कृषि क्षेत्रको आधुनिकीकरण, शिक्षा सुधार तथा स्वास्थ्य सेवाको पहुँच विस्तारलाई मुख्य प्राथमिकताका क्षेत्रका रूपमा समेटिएको छ।

कृषि क्षेत्रतर्फ उत्पादन वृद्धि, किसानलाई प्रोत्साहन, कृषि प्रविधिको प्रयोग विस्तार तथा आत्मनिर्भर कृषि प्रणाली विकास गर्ने उद्देश्यसहित विभिन्न कार्यक्रम अघि सारिएको छ। कृषि उत्पादनलाई बजारसँग जोड्ने, सिँचाइ तथा आवश्यक पूर्वाधार विकास गर्ने र कृषकको आय वृद्धि गर्ने विषयलाई बजेटले जोड दिएको छ।

शिक्षा क्षेत्रमा गुणस्तरीय र पहुँचयोग्य शिक्षाको विस्तारलाई प्राथमिकता दिइएको छ। विद्यालय पूर्वाधार सुधार, शिक्षण सिकाइको गुणस्तर वृद्धि, सीपमूलक तथा प्राविधिक शिक्षाको विकासमार्फत दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य बजेटले लिएको छ।

स्वास्थ्य क्षेत्रमा नागरिकलाई सहज र प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यसहित स्वास्थ्य पूर्वाधार, सेवा विस्तार र गुणस्तरीय उपचार प्रणाली सुधारमा जोड दिइएको छ। आधारभूत स्वास्थ्य सेवाको पहुँच विस्तारसँगै स्वास्थ्य संस्थाको क्षमता अभिवृद्धिलाई पनि प्राथमिकतामा राखिएको छ।

यसैगरी बजेटले पूर्वाधार विकास, रोजगारी सिर्जना, प्रविधि विकास र सामाजिक सुरक्षालाई समेत महत्व दिएको छ। सरकारले सार्वजनिक सेवा प्रभावकारी बनाउँदै समावेशी आर्थिक विकासको लक्ष्य अघि सारेको जनाएको छ।

## 'बेटी पढाउ, बेटी बचाउ' कार्यक्रमको स्वरूप फेरियो, अब 'मुख्यमन्त्री महिला स्वरोजगार कार्यक्रम'

एक समय मधेश प्रदेश सरकारको सबैभन्दा चर्चित र महत्वाकांक्षी योजनाका रूपमा रहेको 'मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ कार्यक्रम'लाई परिमार्जन गर्दै प्रदेश सरकारले नयाँ स्वरूपमा अघि बढाउने भएको छ ।

आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटमार्फत उक्त कार्यक्रमलाई 'मुख्यमन्त्री महिला स्वरोजगार कार्यक्रम'मा रूपान्तरण गरिएको छ ।

अर्थमन्त्री भट्टराईले 'शिक्षित छोरी, सुरक्षित मधेश: उद्यमशील नारी, समृद्ध मधेश' भन्ने नारासहित महिलाको सीप विकास, उद्यमशीलता र आर्थिक सशक्तीकरणमा केन्द्रित कार्यक्रम सञ्चालन गरिने जानकारी दिनुभयो ।

मधेश प्रदेशको पहिलो सरकारको कार्यकालमा सुरु भएको 'मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ कार्यक्रम' एक समय प्रदेश सरकारको पहिचानकै रूपमा स्थापित भएको थियो । कार्यक्रमअन्तर्गत छात्रालाई साइकल वितरण, छोरी बीमा तथा लोकसेवा तयारी कक्षाजस्ता योजनाले राष्ट्रिय स्तरमै चर्चा पाएका थिए। तत्कालीन सरकारले यसलाई प्रदेशको गौरवको योजनाका रूपमा अघि बढाएको थियो ।

तर, पछिल्ला वर्षहरूमा कार्यक्रम प्रभावहीन बन्दै गएको थियो । साइकल खरिद प्रक्रियामा अनियमितताको आरोप लागेपछि कार्यक्रम विवादमा परेको

*बाँकी पृष्ठ २ मा*

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै ...त्तरी

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प




✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# मधेश सरकारले ल्यायो ४१ अर्ब १३ करोडको बजेट....

थियो । त्यसयता योजना प्रभावकारी रूपमा सञ्चालन हुन नसक्दा अधिकांश कार्यक्रम निष्क्रिय अवस्थामा पुगेका थिए ।

यही पृष्ठभूमिमा प्रदेश सरकार ले पुरानो कार्यक्रमलाई नयाँ अवधारणा र उद्देश्यसहित पुनर्संरचना गर्दै महिलालाई स्वरोजगार, सीपमूलक तालिम तथा सहुलियतपूर्ण ऋणमार्फत आर्थिक रूपमा आत्मनिर्भर बनाउने लक्ष्य लिएको जनाएको छ ।

## मधेश सरकारका कर्मचारीको तलब १० प्रतिशत वृद्धि

मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि सार्वजनिक गरेको बजेट मार्फत कर्मचारीको तलब वृद्धि, सुशासन प्रवर्द्धन, युवा रोजगारी तथा सुरक्षा क्षेत्रलाई प्राथमिकतामा राखेको छ ।

प्रदेश सरकारले सरकारी कर्मचारीको तलबमा १० प्रतिशत वृद्धि गर्नुका साथै कार्यसम्पादनका आधारमा थप १० प्रतिशत प्रोत्साहन भत्ता उपलब्ध गराउने व्यवस्था गरेको छ ।

प्रदेश सभामा राजस्व तथा व्ययको अनुमान प्रस्तुत गर्दै अर्थमन्त्री भट्टराईले कर्मचारीको मनोबल वृद्धि तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन तलब तथा प्रोत्साहन भत्ताको व्यवस्था गरिएको जानकारी दिनुभयो ।

सुशासन प्रवर्द्धनका लागि सरकारी निकायबाट हुने अनावश्यक ढिलासुस्तीका कारण सेवाग्राहीलाई परेको असर लाई मध्यनजर गर्दै क्षतिपूर्तिसहितको व्यवस्था लागू गरिने घोषणा पनि बजेटमा गरिएको छ । नागरिकले सहज रूपमा गुनासो तथा सुझाव र ाख्न सकून् भन्ने उद्देश्यले 'हेल्लो सीएम एप' र 'हेल्लो मुख्यमन्त्री टोल फ्री नम्बर' सञ्चालनमा ल्याइने भएको छ ।

युवामा बढ्दो बेरोजगारीलाई सम्बोधन गर्न १८ देखि ३५ वर्ष उमेर समूहका युवालाई लक्षित गरी 'सयदिने रोजगार ग्यारेन्टी कार्यक्रम' सञ्चालन गरिने भएको छ । प्रदेश सरकारले यस कार्यक्रममार्फत युवालाई अस्थायी रोजगारी उपलब्ध गराउँदै उत्पादनशील क्षेत्रमा संलग्न गराउने लक्ष्य लिएको जनाएको छ ।

सुरक्षा व्यवस्थालाई थप मजबुत बनाउन प्रदेश प्रहरी भर्नाका लागि आवश्यक बजेट विनियोजन गरिएको अर्थमन्त्री भट्टराईले बताउनुभयो ।

## जानकी मन्दिरदेखि गढीमाईसम्म धार्मिक सर्किट, पर्यटकीय बस सेवा सञ्चालन गरिने

मधेश प्रदेश सरकारले धार्मिक तथा सांस्कृतिक पर्यटनलाई प्रवर्द्धन गर्ने उद्देश्यले प्रदेशका प्रमुख धार्मिक तथा पर्यटकीय स्थललाई समेटेर 'मधेश धार्मिक सर्किट' निर्माण गर्ने भएको छ । साथै, लुम्बिनी, जनकपुरधाम र अयोध्यालाई जोड्ने सीमापार पर्यटन (क्रस बोर्डर टुरिज्म) को अवधारणालाई समेत अघि बढाइने भएको छ ।

आर्थिक वर्ष २०८३/०८४ को राजस्व तथा व्ययको अनुमान (बजेट) प्रस्तुत गर्दै अर्थमन्त्री भट्टराईले धार्मिक पर्यटनलाई प्रदेशको आर्थिक विकाससँग जोड्ने नीति लिइएको जानकारी दिनुभयो ।

उहाँको अनुसार धनुषास्थित जानकी मन्दिर, बाराको गढीमाई मन्दिर, पर्सास्थित पर्सा वन्यजन्तु आरक्ष, सप्तरीको छिन्नमस्ता भगवती मन्दिर, महोत्तरीस्थित रौजा मजार तथा रौतहटको शिवनगर क्षेत्रलाई आपसमा जोडेर धार्मिक तथा सांस्कृतिक सर्किटको विकास गरिनेछ ।

बजेटमा प्रदेशका प्रमुख पर्यटकीय गन्तव्यसम्म पुग्न सहज र व्यवस्थित यातायात सेवा विस्तार गर्ने उद्देश्यले आरामदायी बस सेवा सञ्चालनमा ल्याउने व्यवस्था समेत गरिएको छ । यसले पर्यटकको यात्रा अनुभवलाई सहज बनाउनुका साथै पर्यटन क्षेत्रको विकासमा सहयोग पुग्ने विश्वास गरिएको छ ।

यस्तै, लुम्बिनी, जानकी मन्दिर र अयोध्यालाई जोडेर धार्मिक तथा सांस्कृतिक महत्वका गन्तव्यबीच सीमापार पर्यटनको विकास गरिने भएको छ । प्रदेश सरकारले नेपाल र भारतबीचको धार्मिक सम्बन्धलाई पर्यटन प्रवर्द्धनसँग जोड्दै अन्तरदेशीय पर्यटकको आवागमन बढाउने लक्ष्य लिएको जनाएको छ ।

सरकारको यो योजनाले मधेश प्रदेशलाई धार्मिक तथा सांस्कृतिक पर्यटनको प्रमुख केन्द्रका रूपमा स्थापित गर्न सहयोग पुग्ने विश्वास गरिएको छ ।

## बिउ उत्पादनमा आत्मनिर्भर बन्न 'बिउ वृद्धि परि योजना', मधेश प्रहरी ऐन ल्याइने

मधेश प्रदेश सरकारले कृषि उत्पादन वृद्धि, आन्तरिक राजस्व विस्तार तथा शान्ति सुरक्षालाई सुदृढ बनाउन लक्षित विभिन्न नयाँ कार्यक्रम घोषणा गरेको छ ।

आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटमार्फत प्रदेशलाई बिउ उत्पादनमा आत्मनिर्भर बनाउनेदेखि मधेश प्रहरी ऐन ल्याएर प्रहरी भर्ना अभियान सञ्चालन गर्ने योजना अघि सारिएको छ ।

अर्थमन्त्री युवराज भट्टराईले 'उत्पादनशील मधेश, आत्मनिर्भर देश' अभियानलाई सफल बनाउन धान, गहुँ, मकैलगायत प्रमुख बालीको बिउ उत्पादन बढाउन 'बिउ वृद्धि परि योजना' सञ्चालन गरिने जानकारी दिनुभयो ।

प्रदेशलाई गुणस्तरीय बिउ उत्पादनमा आत्मनिर्भर बनाउने लक्ष्यका साथ उन्नत बिउ खरि दमा किसानलाई अनुदान उपलब्ध गराइने व्यवस्था समेत बजेटमा समावेश गरिएको छ ।

कृषि अनुदान वितरणलाई थप पारदर्शी र प्रभावकारी बनाउन डिजिटल किसान कार्ड कार्यक्रमलाई पूर्णता दिइने भएको छ । यस प्रणालीमार्फत किसानलाई उपलब्ध गराइने अनुदान तथा सहुलियत सिधै सम्बन्धित किसानसम्म पुग्ने विश्वास प्रदेश सरकारले गरेको छ ।

दूध, माछा, मासु तथा तरकारी उत्पादनमा प्रदेशलाई आत्मनिर्भर बनाउने उद्देश्यले परम्परागत अनुदान प्रणालीलाई विस्थापित गर्दै उत्पादन र नतिजामा आधारित अनुदान प्रणाली लागू गरिने घोषणा पनि गरिएको छ । सरकारले उत्पादन वृद्धि गर्ने किसान तथा कृषक समूहलाई प्राथमिकताका आधार मा प्रोत्साहन गर्ने नीति लिएको जनाएको छ ।

यता शान्ति सुरक्षा व्यवस्थालाई थप सुदृढ बनाउन मधेश प्रहरी ऐन ल्याइने र प्रदेशस्तरमा प्रहरी भर्ना अभियान सञ्चालन गरिने अर्थमन्त्री भट्टराईले बताए । प्रदेश सरकारले आफ्नै सुरक्षा संरचनालाई व्यवस्थित र प्रभावकारी बनाउने तयारी गरेको जनाएको छ ।

राजस्व संकलन वृद्धि गर्ने उद्देश्यले सवारी कर, मनोरञ्जन कर तथा घर रजिष्ट्रेशन शुल्कमा वृद्धि गरिने भएको छ । यस्तै, प्रदेशभित्र सञ्चालनमा रहेका इँटा उद्योगबाट वार्षिक ७५ हजार रुपैयाँ शुल्क असुल गर्ने व्यवस्था पनि बजेटमा समावेश गरिएको छ ।

प्रदेश सरकारले कृषि उत्पादन, सुरक्षा व्यवस्था र राजस्व परि चालनलाई आर्थिक समृद्धिको प्रमुख आधारका रूपमा अघि बढाउने नीति लिएको जनाएको छ ।

## अधुरा आयोजनालाई प्राथमिकता, कृषि करिडोर निर्माणदेखि कमला नदीमा वैकल्पिक पुल बनाइने

मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ मा नयाँभन्दा पनि निर्माणाधीन आयोजनालाई सम्पन्न गर्ने नीति अवलम्बन गरेको छ ।

कृषि क्षेत्रको बजारीकरणलाई सुदृढ बनाउन कृषि करिडोर निर्माण गर्ने तथा कमला नदीमा वैकल्पिक पुल निर्माण गर्ने योजनासमेत अघि सारिएको छ ।

सोमबार प्रदेश सभामा आगामी आर्थिक वर्षको राजस्व तथा व्ययको अनुमान (बजेट) प्रस्तुत गर्दै अर्थमन्त्री युवराज भट्टराईले अधुरा तथा निर्माणाधीन आयोजनालाई पूर्णता दिने योजनालाई प्राथमिकतामा राखिएको बताएका हुन् ।

सीमित स्रोत-साधनलाई प्रभावकारी रूपमा परिचालन गर्दै सञ्चालनमा रहेका परियोजनालाई समयमै सम्पन्न गर्ने लक्ष्य प्रदेश सरकारले लिएको उनले उल्लेख गरे ।

कृषि क्षेत्रलाई उत्पादनसँगै बजारीकरणसँग जोड्ने उद्देश्यले प्रदेशका विभिन्न क्षेत्रमा कृषि करिडोर निर्माण गरिने बजेटमा व्यवस्था गरिएको छ । यसबाट किसानले उत्पादन गरेका कृषि उपज सहज रूपमा बजारसम्म पुर्याउन सक्ने र कृषि व्यवसायको विस्तारमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।

यस्तै, धनुषा र सिरहा क्षेत्रलाई जोड्ने महत्वपूर्ण जलस्रोत कमला नदीमा वैकल्पिक पुल निर्माण गर्ने योजना पनि बजेटमा समावेश गरिएको छ । पुरानो संरचनामा दबाब बढ्दै जाँदा आवागमनलाई सुरक्षित, सहज र अवरोधरहित बनाउन नयाँ पुल निर्माणको अवधारणा अघि सारिएको प्रदेश सरकारले जनाएको छ ।

प्रदेश सरकारले पूर्वाधार विकास र कृषि क्षेत्रको आधुनिकीकरण लाई आर्थिक समृद्धिको आधार मानेर बजेटमार्फत उत्पादन, यातायात तथा बजार व्यवस्थापनलाई थप सुदृढ बनाउने नीति लिएको जनाएको छ ।

## अति विपन्नको स्वास्थ्य बिमा प्रदेश सरकारले व्यहोर्ने, महिलाका लागि विशेष स्वास्थ्य शिविर सञ्चालन हुने

मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि स्वास्थ्य, महिला सशक्तीकरण तथा सामाजिक सुरक्षालाई प्राथमिकतामा राख्दै विभिन्न नयाँ कार्यक्रम घोषणा गरेको छ ।

*बाँकी पृष्ठ ३ मा*

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# अमेरिका र इरानबिच युद्धविरामको सहमति : शुक्रबार औपचारिक रूपमा हस्ताक्षर गर्ने कार्यक्रम

वासिङ्टन डिसी । अमेरिका र इरानबिच चलिरहेको युद्ध अन्त्य गर्न दुवै देशका अधिकारीहरू एउटा प्रारम्भिक सहमतिमा पुगेका छन्।

आइतबार भएको यस सहमतिअनुसार अमेरिकाले इरानमाथि लगाएको नाकाबन्दी हटाउने र स्ट्रेट अफ होर्मुज पुनः खुला गरिनेछ। यस प्रारम्भिक सम्झौतासँगै विश्वबजारमा कच्चा तेलको मूल्यमा भारी गिरावट आएको छ तर इरानको परमाणु कार्यक्रमको भविष्य भने आगामी वार्ताहरूबाट मात्रै टुङ्गो लाग्नेछ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले वासिङ्टनको स्थानीय समयअनुसार आइतबार साँझ साढे ५ बजे आफ्नो सोसल मिडिया प्लेटफर्म 'ट्रुथ सोसल'मा लेखेका छन्, 'इस्लामिक गणतन्त्र इरानसँगको सम्झौता अब पूरा भएको छ।' ट्रम्पको यो भनाइ आउनुअघि यस वार्तामा मध्यस्थकर्ताको भूमिका निर्वाह गरेको पाकिस्तानका प्रधानमन्त्री शहबाज सरिफले सोमबार बिहानै सम्झौता भएको घोषणा गरेका थिए। यो समझदारी पत्रमा आगामी शुक्रबार स्विट्जरल्यान्डमा औपचारिक रूपमा हस्ताक्षर गर्ने कार्यक्रम तय भएको छ।

सम्झौताका विस्तृत सर्तहरू तत्काल सार्वजनिक गरिएका छैनन्। तर पाकिस्तानी प्रधानमन्त्री सरिफले सामाजिक सञ्जाल एक्समा लेखेअनुसार यस सम्झौताले लेबनानसहित सबै मोर्चाहरूमा भइरहेका सैन्य कारबाहीहरूलाई तत्काल र स्थायी रूपमा बन्द गर्न आह्वान गरेको छ। पछिल्ला हप्ताहरूमा ट्रम्पलगायत अन्यको आग्रहलाई बेवास्ता गर्दै इजरायल र हिज्बुल्लाहले एकअर्काविरुद्ध आक्रमण जारी राखेका कारण लेबनान वार्ताको एउटा जटिल बिन्दु बनेको थियो।

यसैबिच इरानको सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयले एक विज्ञप्ति जारी गर्दै लेबनानसहित सबै मोर्चाहरूमा सोमबार रातिदेखि युद्ध र सैन्य कारबाही स्थायी रूपमा अन्त्य हुने जनाएको छ। यद्यपि, अमेरिका-इरान वार्तामा आफू संलग्न नरहेको बताउँदै आएको इजरायलले भने यस घोषणाप्रति तत्काल कुनै प्रतिक्रिया जनाएको छैन।

ट्रम्पले महिनौँदेखि इरानले बन्द गरेको विश्वव्यापी तेल र ग्यास आपूर्तिको प्रमुख समुद्री मार्ग स्ट्रेट अफ होर्मुज शुक्रबार खुल्ने बताएका छन्। साथै उनले इरानी बन्दरगाहहरूमा लगाइएको अमेरिकी नाकाबन्दी अन्त्य गर्न आदेश दिएको पनि जानकारी दिए।

ट्रम्पले लेखेका छन्, 'विश्वका पानीजहाजहरू, आफ्नो इन्जिन सुरु गर। अब तेल बग्न देउ!' यो खबरसँगै तेलको मूल्य घटेको छ। सोमबारको सुरुवाती कारोबारमा ब्रेन्ट क्रुड फ्युचर्स ४ प्रतिशतले घट्यो भने अमेरिकी वेस्ट टेक्सास इन्टरमिडियट ४.६ प्रतिशतभन्दा बढीले ओरालो लाग्यो। यसैबिच एसियाली सेयर बजारमा भने उछाल आएको छ।

बाइडेन प्रशासनका पूर्व विदेश मन्त्रालयका प्रवक्ता म्याथ्यु मिलरले ट्रम्पले युद्ध सुरु गर्नुअघिको अवस्थामा फर्किन इरानलाई महत्त्वपूर्ण छुट दिएको भन्दै आलोचना गरे। उनले भने, 'परमाणु कार्यक्रमलाई सम्बोधन



गरिनेछ भन्ने हामीलाई कुनै ग्यारेन्टी छैन, तर इरानले विश्व अर्थतन्त्रलाई बन्धक बनाएर अमेरिकाबाट केही प्राप्त गर्न सक्छ भन्ने कुरा विश्वलाई देखाएको छ।'

इरानका उपविदेशमन्त्री काजेम गरिबाबादीले ६० दिने युद्धविरामको अवधिमा इरानमाथिको प्रतिबन्ध फुकुवा गर्नेलगायतका थप विस्तृत सम्झौतामा वार्ता हुने बताएका छन्। रोयटर्सका अनुसार इरानको परमाणु कार्यक्रमको जटिल विषय पनि तिनै आगामी वार्ताहरूमा उठाइनेछ।

गत फेब्रुअरी २८ मा अमेरिका र इजरायली सेनाले इरानमाथि पहिलो आक्रमण गरेयता इरान र लेबनानमा हजारौँ मानिस मारिएका छन्। इरानले पनि इजरायल र अमेरिकी बेस क्याम्प रहेका खाडी देशहरूमा आक्रमण गर्नुका साथै स्ट्रेट अफ होर्मुज बन्द गरेर विश्वव्यापी ऊर्जाको मूल्य बढाइदिएको थियो।

जवाफमा अमेरिकी सेनाले इरानी बन्दरगाहहरू बन्द गरेको थियो। आगामी नोभेम्बरमा हुने मध्यावधि चुनावअघि बढ्दो ग्यासको मूल्यले अमेरिकी नागरिक निराश हुँदा यो इरान युद्ध ट्रम्प र कंग्रेसमा रहेका उनका रिपब्लिकन सहकर्मीहरूका लागि राजनीतिक रूपमा हानिकारक बन्दै गएको थियो। तर ट्रम्पलाई आफ्नै पार्टीका सदस्यहरूले इरानको परमाणु कार्यक्रम पूर्ण रूपमा बन्द गराउन दबाब दिइरहेका छन्।

रिपब्लिकन सिनेटर लिन्डसे ग्राहमले सम्झौताको प्रशंसा गरे पनि इरानको परमाणु कार्यक्रमबारे हुने आगामी वार्तालाई आफूले 'नजिकबाट नियाल्ने' बताएका छन्। उनले भने, 'हाम्रो कानुनअनुसार इरानसँगको कुनै पनि परमाणु सम्झौता समीक्षा र मतदानका लागि कंग्रेसमा पठाइनेछ। हामीलाई यो बिन्दुसम्म ल्याइपुर्याउने सबैलाई बधाई छ।'

आफ्नो पहिलो कार्यकालमा ट्रम्पले सन् २०१५ मा डेमोक्रेटिक राष्ट्रपति बाराक ओबामाले गरेको बहुपक्षीय इरान सम्झौताबाट अमेरिकालाई बाहिर निकालेका थिए। उक्त सम्झौतामा अन्तर्राष्ट्रिय निरीक्षणसहित परमाणु कार्यक्रम सीमित गर्ने सर्तमा तेहरानमाथिको प्रतिबन्ध फुकुवा गरिएको थियो। त्यसको जवाफमा इरानले युरेनियमको संवर्द्धन बढाउँदै बम बनाउन मिल्ने शुद्धताको करिब ४ सय केजी पदार्थ उत्पादन गरेको थियो। आगामी वार्ताहरूमा उक्त युरेनियमको व्यवस्थापन नै प्रमुख एजेन्डा बन्ने सम्भावना छ।

आइतबार लेबनानमा इजरायलले गरेको आक्रमणका बाबजुद यो सम्झौता भएको हो। उक्त इजरायली आक्रमणको इरान र ट्रम्प दुवैले आलोचना गरेका थिए।

अमेरिकासँग इरानको सम्झौता गराउन लेबनानमा सैन्य कारबाही रोक्नुपर्ने अमेरिकी मागप्रति प्रधानमन्त्री बेन्जामिन नेतान्याहु र ट्रम्पबिच मतभेद रहँदै आएको छ। इजरायलले लेबनानमा आफ्नो कारबाही जारी राख्ने बताएको छ भने इरानले त्यहाँ पूर्ण युद्धविराम हुनुपर्ने मागलाई प्रमुख सर्त बनाएको छ।

इजरायलको सञ्चारमाध्यम एन१२ को रिपोर्टअनुसार ट्रम्पले आइतबार फोनमार्फत नेतान्याहुलाई शान्ति सम्झौताको प्रगतिबारे जानकारी गराएका थिए। न्युयोर्क टाइम्ससँगको अन्तर्वार्तामा ट्रम्पले नेतान्याहुलाई 'धेरै गाह्रो मान्छे' भन्दै इजरायललाई परमाणु हतियारसम्पन्न इरानबाट बचाएकोमा इजरायली नेताले आफूलाई धन्यवाद दिनुपर्ने तर्क गरे।

सम्झौताको घोषणा हुनुअघि एक वरिष्ठ इरानी अधिकारीले रोयटर्सलाई बताएअनुसार यसको मस्यौदामा अमेरिकाले रोक्का राखेको इरानको २५ अर्ब डलर फुकुवा गर्न सहमत हुने उल्लेख छ। यस्तै एक अमेरिकी अधिकारीले यो सम्झौताले अन्ततः इरानको परमाणु कार्यक्रम भत्काउने र उच्च संवर्द्धित युरेनियम नष्ट गरिने बताएका छन्। तर, इरानी अधिकारीले भने इरानले संवर्द्धित युरेनियमलाई आफ्नै देशमा गाढापन कम गर्न अनुमति पाउने बताएका छन्।-एजेन्सी

# मधेश सरकारले ल्यायो.....

सोमबार प्रदेश सभामा राजस्व तथा व्ययको अनुमान (बजेट) प्रस्तुत गर्दै अर्थमन्त्री युवराज भट्टराईले अति विपन्न तथा सीमान्तकृत समुदायका नागरिकको स्वास्थ्य बिमा खर्च प्रदेश सरकारले नै व्यहोर्ने घोषणा गरेका हुन् । स्वास्थ्य सेवामा पहुँच विस्तार गर्ने उद्देश्यले उक्त व्यवस्था गरिएको उनले बताए ।

बिरामीलाई आकस्मिक अवस्थामा समयमै अस्पतालसम्म पुर्याउन प्रदेशभर सञ्चालनमा रहेका एम्बुलेन्समा जीपीएस प्रविधि जडान गरिने व्यवस्था समेत बजेटमा समावेश गरिएको छ । यसबाट एम्बुलेन्स सेवाको प्रभावकारिता र निगरानी प्रणालीलाई थप व्यवस्थित बनाउने अपेक्षा गरिएको छ ।

महिलाको स्वास्थ्यलाई विशेष प्राथमिकतामा राख्दै प्रदेशभर स्तन क्यान्सर तथा पाठेघर खस्ने समस्याबाट प्रभावित महिलालाई लक्षित गरी निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिने भएको छ । यसबाट प्रारम्भिक परीक्षण तथा उपचारमा सहज पहुँच पुग्ने विश्वास गरिएको छ ।

## एक करोडभन्दा साना योजनामा बजेट नपर्ने, नयाँ गाडी खरिदमा रोक

मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ मा साना तथा छरिएका योजनाभन्दा ठूला र परिणाममुखी आयोजनामा लगानी केन्द्रित गर्ने नीति लिएको छ ।

खर्च व्यवस्थापनलाई थप प्रभावकारी बनाउने उद्देश्यसहित एक करोड रुपैयाँभन्दा कम लागतका योजनामा बजेट विनियोजन नगर्ने तथा नयाँ सवारीसाधन खरिदमा रोक लगाउने घोषणा गरिएको छ । अर्थमन्त्री भट्टराईले सीमित स्रोत साधनको अधिकतम उपयोग गर्दै विकास खर्च बढाउने रणनीति अवलम्बन गरिएको बताउनुभयो ।

उहाँको अनुसार एक करोड रुपैयाँभन्दा कम लागतका योजनामा बजेट विनियोजन नगरिने व्यवस्था गरिएको छ । यसबाट बजेटको छरिएको प्रवृत्ति अन्त्य गर्दै ठूला तथा दीर्घकालीन महत्वका आयोजनालाई प्राथमिकता दिने लक्ष्य राखिएको छ ।

प्रदेश सरकारले सरकारी खर्चमा मितव्ययिता अपनाउने नीतिअन्तर्गत नयाँ सवारीसाधन खरिदमा समेत रोक लगाएको छ । अत्यावश्यक अवस्थाबाहेक नयाँ गाडी खरिद नगरी उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गरिने बजेट वक्तव्यमा उल्लेख गरिएको छ ।

यस्तै, प्रशासनिक तथा अन्य अनुत्पादक खर्च कटौती गरी त्यसबाट बचत हुने स्रोतलाई विकास निर्माण तथा पुँजीगत क्षेत्रमा परिचालन गर्ने रणनीति अपनाइएको अर्थमन्त्री भट्टराईले बताए । प्रदेश सरकारले पुँजीगत खर्च वृद्धि गर्दै आर्थिक गतिविधिलाई चलायमान बनाउने लक्ष्य लिएको छ ।

संघ, प्रदेश र स्थानीय तहबाट एउटै प्रकृतिका कार्यक्रममा दोहोरो बजेट विनियोजन हुने अवस्थालाई अन्त्य गर्न एकीकृत बजेट म्यापिङ प्रणाली लागू गरिने भएको छ।

यस प्रणालीमार्फत तीनै तहका सरकारबीच समन्वय बढ्ने, स्रोतको दोहोरो प्रयोग रोकिने तथा बजेट कार्यान्वयनमा पारदर्शिता र प्रभावकारिता कायम हुने अपेक्षा प्रदेश सरकारले गरेको छ ।

**सार्वजनिक सेवा लिँदा ध्यान दिऔं।**

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात/प्रक्रिया पूरा गरौं,
- नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
- आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लिऔं,
- सेवा प्राप्त गर्दा बिचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
- सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं,
- अनियमितता र भ्रष्टाचारविरूद्ध उजुरी गरौं,

**सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।**

**मटिहानी नगरपालिका, महोत्तरी**

# मधेशमा विद्यालय पहुँच बढ्यो, सिकाइ उपलब्धि अझै चुनौतीपूर्ण

खबर दर्पण समाचारदाता

असार १ गते, बर्दिवास
मधेश प्रदेशमा शिक्षा क्षेत्रमा विद्यालय पहुँच विस्तार भए पनि सिकाइ उपलब्धिमा अपेक्षित सुधार हुन नसकेको आर्थिक सर्वेक्षणले देखाएको छ।

प्रदेश सरकारले सार्वजनिक गरेको आर्थिक सर्वेक्षण प्रतिवेदनअनुसार रोजगारी, उद्योग, बैङ्किङ तथा भौतिक पूर्वाधार क्षेत्रमा प्रगति देखिए पनि शिक्षा क्षेत्रको अवस्था चुनौतीपूर्ण रहेको छ।

अर्थमन्त्री युवराज भट्टराईले प्रदेशसभामा प्रस्तुत गर्नुभएको आर्थिक सर्वेक्षणमा मधेश प्रदेशको आर्थिक वृद्धिदर १.३१ प्रतिशत रहेको उल्लेख गरिएको छ।

प्रदेशको अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान अझै महत्वपूर्ण रहेको भन्दै कृषि क्षेत्रले कुल अर्थतन्त्रमा ३४.९७ प्रतिशत योगदान पुऱ्याएको जनाइएको छ।

शिक्षातर्फ मधेश प्रदेशमा तीन हजार ४८४ सामुदायिक र १ हजार ९८७ संस्थागत गरी कुल पाँच हजार ४७१ विद्यालय सञ्चालनमा छन्।

यो सङ्ख्या देशभरका विद्यालयको करिब १५ प्रतिशत हो। विद्यालय जाने उमेरका बालबालिकाको पहुँच बढे पनि माथिल्लो तहमा विद्यार्थी टिकाउने चुनौती देखिएको सर्वेक्षणमा उल्लेख छ। कक्षा १ देखि ५ सम्मको खुद भर्नादर ९५।२ प्रतिशत पुगे पनि कक्षा ११ र १२ को भर्नादर भने राष्ट्रिय औसतभन्दा निकै कम ११।७ प्रतिशत मात्र रहेको छ। यसले माध्यमिक तहसम्म विद्यार्थी निरन्तरता कायम गर्न समस्या रहेको सङ्केत गरेको छ। देशभर भर्ना भएका विद्यार्थीमध्ये सबैभन्दा ठूलो हिस्सा अर्थात् करिब २५ प्रतिशत मधेश प्रदेशकै रहेको तथ्याङ्कमा उल्लेख छ।आर्थिक सर्वेक्षणले भौतिक पूर्वाधारतर्फ भने प्रदेशमा सुधार भएको देखाएको छ।

आ.व. २०८१र८२ मा ७७.५३ किलोमिटर कच्ची, ४०६.६३ किलोमिटर ग्राभेल, २५३.५५ किलोमिटर ढलान र ८३.९१ किलोमिटर कालोपत्रे सडक निर्माण भएको दाबी गरिएको छ।

सो अवधिमा १०९ वटा कल्भर्ट र चार वटा पक्की पुल निर्माण भएको जनाइएको छ।विद्युत सेवातर्फ मधेश प्रदेशका शतप्रतिशत परिवार राष्ट्रिय प्रसारण ग्रिडमा जोडिएको प्रदेश सरकारको दाबी छ।

उद्योग तथा व्यवसाय क्षेत्रमा पनि विस्तार भएको सर्वेक्षणमा उल्लेख छ। प्रदेशमा १८ हजार ४१९ लघु तथा साना उद्योग र २५ हजार ८५१ कम्पनी दर्ता भएका छन्।

चालु आर्थिक वर्षमा मात्रै एक हजार ६४५ नयाँ कम्पनी थपिएका छन् भने औद्योगिक कर्जा प्रवाह ५।४२ प्रतिशतले बढेको छ। पर्यटन क्षेत्रमा १२ वटा तारे होटल सञ्चालनमा आएको जनाइएको छ।




बैङ्किङ पहुँचतर्फ पनि प्रदेशले प्रगति गरेको दाबी गरिएको छ। प्रदेशका सबै १३६ स्थानीय तहमा बैङ्क तथा वित्तीय संस्थाको पहुँच पुगेको सर्वेक्षणमा उल्लेख छ। २०८२ फागुनसम्म २० वाणिज्य बैंक, १७ विकास बैंक, १७ वित्त कम्पनी, ५१ लघुवित्त र एक पूर्वाधार बैङ्क गरी १०६ वित्तीय संस्था सञ्चालनमा छन्।प्रदेशभर एक हजार ७५४ बैङ्क शाखा सञ्चालनमा रहेका छन्।

बैंक तथा वित्तीय संस्थाले ४ खर्ब ४६ अर्ब रुपैयाँ निक्षेप संकलन गरी ५ खर्ब १० अर्ब रुपैयाँ कर्जा प्रवाह गरेको तथ्यांक प्रस्तुत गरिएको छ।कृषि तथा वन क्षेत्रमा भने केही चुनौती देखिएको छ।

प्रदेशमा दुई लाख ७७ हजार १३५ हेक्टर वन क्षेत्र रहेको छ। वन क्षेत्रबाट दाउरा उत्पादन ३०.८० प्रतिशत र काठ उत्पादन १०.०९ प्रतिशतले बढेको उल्लेख छ। तर सिँचाइ क्षेत्रफल ४.३४ प्रतिशतले घटेर तीन लाख १९ हजार हेक्टरमा सीमित भएको छ।

कृषि कर्जा प्रवाहसमेत ५.६६ प्रतिशतले घटेको छ।स्वास्थ्य क्षेत्रमा प्रदेशभर ५० लाख ७० हजार पटक स्वास्थ्य सेवा प्रवाह भएको सर्वेक्षणमा उल्लेख छ। प्रदेशको कुल प्रजनन दर २.७ रहेको छ, जुन राष्ट्रिय औसत १.९ भन्दा बढी हो। मातृ मृत्युदर भने प्रतिलाख १४० रहेको छ। रोजगारीतर्फ राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रममार्फत १० हजार १६८ जनाले रोजगारी पाएको उल्लेख छ। यद्यपि पछिल्ला पाँच वर्षदेखि यो सङ्ख्या घट्दो क्रममा रहेको जनाइएको छ।

वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिनेको सङ्ख्या भने एक लाखभन्दा बढी रहेको छ।प्रदेश लोक सेवा आयोगले चालु आर्थिक वर्षमा प्रदेश निजामती सेवाका लागि ३३९ र स्थानीय सेवाका लागि १ हजार ४४१ पदमा विज्ञापन आह्वान गरेको छ।

विभिन्न तह र समूहमा ११६ जना उम्मेदवार सिफारिस भएको सर्वेक्षणमा उल्लेख छ।सुशासनतर्फ अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेका उजुरीमध्ये भौतिक पूर्वाधार मन्त्रालयसँग सम्बन्धित उजुरी सबैभन्दा बढी ३७८ वटा रहेका छन्। त्यसपछि स्वास्थ्य १७०, वन १०३ र कृषि ९८ वटा उजुरी रहेका छन्।

समग्रमा मधेश प्रदेशमा पूर्वाधार , बैङ्किङ र उद्योग क्षेत्रमा सुधार देखिए पनि शिक्षा, कृषि, रोजगारी र उत्पादनशील क्षेत्रमा अझै सुधार गर्नुपर्ने आवश्यकता रहेको आर्थिक सर्वेक्षणले औंल्याएको छ।

# मटिहानीमा महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई १० दिने आधारभुत तालिम



खबर दर्पण समाचारदाता

असार १ गते, बर्दिवास
मटिहानी नगरपालिकाको समन्वयमा जिल्ला स्वास्थ्य कार्यालय महोत्तरीद्वारा महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई १० दिने आधारभूत तालिम दिइएको छ ।

आईतवार तालिमको समापन गर्दै नगरप्रमुख हरि प्रसाद मण्डलले तालिममा सिकेको कुरहरु कार्यान्वयनमा ल्याउन भन्दै प्रशिक्षित स्वास्थ्य स्वयम सेविकाहरुलाई प्रमाणपत्र हस्तान्तरण गरे ।

उक्त तालिममा मटिहानी नगर पालिकाका २४ जना महिला स्वास्थ्य स्वयं सेविकाहरु सहभागी थिईन ।

समापन सभालाई सम्बोधन गर्दै नगरप्रमुख मण्डलले पालिकामा स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन यस्ता तालिमहरुले थप बल पुगेको बताए ।

तालिम समापन कार्यक्रममा स्वास्थ्य कार्यालयका महिला स्वास्थ्य स्वयं सेविका स्रोत व्यक्ति प्रतिभा सिंह, मटिहानी नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख पवन मण्डल सहित विभिन्न व्यक्तित्वहरुको उपस्थिति रहेको थियो ।

प्रशिक्षार्थीहरुलाई स्वास्थ्य चौकी मटिहानीका इन्चार्ज किशन कुमार मण्डल तथा कृष्णा चौधरीले प्रशिक्षण दिएका थिए।

मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् !
"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ!"
सवारी साधनमा सीट बेल्ट लगाउनुहोस!
"सुरक्षितमा सवारी चलाउनुहोस् - सीट बेल्ट लगाउनु होला, दुर्घटनामा ज्यान जोगाउन!"
औरही नगरपालिका, महोत्तरी

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल
➤ २४ सैं घण्टा इमर्जेन्सी सेवा
➤ ICU, NICU, PICU सेवा
➤ X-Ray, USG, CT Scan सेवा
➤ Endoscopy/Diode Laser सेवा
➤ Laproscopy सेवा
➤ क्याबिनको समेत व्यवस्था भएको
➤ विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
➤ 24/7 Ambulance सेवा
SHUBHA SWOSTIK HOSPITAL PVT. LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,